# छत्रदेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/१०/१६**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क र यस गाउँपालिकाको आर्थिक ऐन, २०७९ को अनुसुची-१२ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपिहरु संलग्न गरी दरभाउपत्रमा उल्लेखित शर्तहरुको अधीनमा रही शिलवन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | दरभाउपत्र नं. | घाटको नाम | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम दरभाउपत्र रकम (सेवाशुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | CRM/ARG/SQ/IR-01/79-80 | शौर्य (खर्ज्याङ्ग) | ३८५० | ८,१५,१९६।०० | कबोल अंकको ५ प्रतिशत | रु. १००० |
| २ | CRM/ARG/SQ/IR-02/79-80 | सेरी खोला | २१५० | ४,५५,२३८।०० | | रु. १००० |
| ३ | CRM/ARG/SQ/IR-03/79-80 | जरे खोला | १३२५ | २,८०,५५४।०० | | रु. १००० |

दरभाउपत्र दस्तुर यस कार्यालयमा नगदै तिरेको वा नबिल बैंक लि., छत्रगञ्ज शाखा स्थित आन्तरिक राजश्व खाता ग-१.१., २१४०१०१७५०००३३ मा नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन कार्यालय समयमा खरिद गरी भोलि पल्ट १२:०० वजे भित्र कार्यालयमा पेश गर्नु पर्नेछ । सोही दिनको दिउँसो २:०० वजे दरभाउपत्र/बोलपत्र छत्रदेव गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

**(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाईट www.chhatradevmun.gov.np मा समेत हेर्न सकिनेछ ।**